# धुलिखेल नगरपालिकाको सूचना

यस धुलिखेल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय क्षेत्रभित्रिका देहाय बमोजिमका स्थानहरुमा Fee Wi-Fi क्षेत्र सञ्चालनमा ल्याउन खोजिएको हुँदा सो सम्बन्धी काम गर्न इच्छुक संघ संस्थाहरुलाई आफ्नो प्राविधिक र आर्थिक प्रस्तावसहित आशयपत्र यस कार्यालयमा पेश गर्नुहुन सुचित गरिन्छ ।

**Free Wi-Fi संचालन गरिने स्थानहरु:**

१ भगवती मन्दिर परिसर
२ जिल्ला प्रशासन कार्यालय र धुलिखेल नगरपालिका परिसर
३ खेलमैदान /अड्डा वजार क्षेत्र
४ टुडिखेल मनोरंजन पार्क
५ हजार सिढी (देवीस्थान)
६ सरस्वती बजार क्षेत्र
७ सिन्धुली बर्दिवास चोक
८ नारायणस्थान

**कार्य शर्तहरु:**

१ एक पटकमा अधिकतम १०० जना सम्मले प्रयोग गर्न सक्ने हुनु पर्ने ।
२ सामग्रीको सुरक्षा / मर्मत सम्भार र रेखदेख सेवा प्रदायकले गर्ने प्रवन्ध गर्नु पर्ने ।
३ विश्वासनीय हिसावले सेवा उपलब्ध गराउनु पर्ने ।
४ सकभर सबै स्थानमा Wi-Fi ID एउटै हुनु पर्ने ।
५ Unusual, Unauthorized Website Block गरिनु पर्ने ।
६ उल्लेखित सम्पूर्ण ठाउँहरुमा 1 Mbps dedicated Bandwidth को हुनु पर्ने ।
७ ५० मि. रेडियस सम्मको Coverage हुनुपर्ने ।
८ एक पटक Login गरेपछि एक घण्टा वा दुई घण्टामा पुन: Login गर्ने व्यवस्था गरीनु पर्ने ।
९ स्थानीय बासी भन्दा पर्यटकलाई लक्षित गरिएको कारणले स्थानीय वासिन्दाले दुरुपयोग गर्ने अवस्था हुन नहुने ।
१० आसय पत्र ७ दिन भित्र दर्ता गर्नु पर्ने छ ।
११ ISPs / Computer Institute ले आशय पत्र पेश गर्न सक्ने छन ।
१२ न्युनतम एक बर्ष सम्मको सेवाको सुनिश्चितता नगरपालिकाले दिने छ तर सेवाको गुणस्तर कमजोर तथा ज्यादा गुनासो आएमा त्यस पुर्व नै सम्झौता भंग गर्न सकिनेछ ।
१३ Equipment, Hardware तथा जडान आफैले गरी संचालन खर्च मात्रै नगरपालिकाले भुक्तानी गर्ने शर्तमा काम गर्ने Firm लाई प्राथमिकता दिईने छ ।
१४ प्राविधिक रुपमा जटिल विषय भएकोले प्राविधिक पक्षका शर्तहरु वार्ताद्वारा थप घट गर्न सकिने छ ।
१५ आशय पत्र पेश गर्ने संस्थाहरुलाई निजहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव सहित प्रस्तुतिकरण गर्न आमन्त्रण गरिने छ ।
१६ प्राविधिक पक्ष राम्रो वा विश्वासनीय हुने प्रस्तावदातालाई छनौट गर्न नगरपालिका स्वतन्त्र रहने छ । प्राविधिक र आर्थिक प्रस्तावको अनुपात ७०:३० रहने छ ।

Scanned by CamScanner